# १२ औं गाउँ सभाको बैठकमा २०८० असार १०  गते गाउँपालिका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पाज्यूद्वारा प्रस्तुत भोटेकोशी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

## भोटेकोशी गाउँपालिका

**फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

**(बागमती प्रदेश, नेपाल)**

श्री **प्रमुख अतिथि नेपाल सरकारका स्वाथ्य तथा जनसंख्या मन्त्री माननीय श्री मोहन बहादुर बस्नेत ज्यू,** विशेष अतिथि **बागमती प्रदेश सरकारका वन तथा वातावरण मन्त्री माननीय श्री मसिना खडका भण्डारी ज्यू** गाउँपालिका उपाध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, यहाँ उपस्थित, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु, ।

भोटेकोशी गाउँपालिकाको गाउँ सभाको बाह्रौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

- भोटेकोशी गाउँपालिकाको गाउँ सभाको यस गरिमामय वैठकमा भोटेकोशी गाउँपालिकाको अध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्तै खुसि भएको छु । मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको १ बर्ष पुरा भएको छ । यस अवधिमा पालिकाको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने एक वर्षे कार्यकालमा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । भौगोलिक रुपमा विकट र प्राकृतिक प्रकोपको अत्याधिक जोखिम रहेको स्थानमा समेत सेवा प्रवाहमा अहोरात्र खटिने जनप्रतिनिधि, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी, स्थानीय नागरीक, स्वयम सेवक लगायत सवै प्रति हार्दिक धन्यावाद ज्ञापन गर्दछु ।
- नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।
- १ वर्षे कार्यकालमा भोटेकोशी गाउँपालिकामा स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को यथा सिघ्र कार्य सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नवीन, सिर्जनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमहरुको शुरुवात गरिएको छ । गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समिति, विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।
- गाउँसभा र गाउँ कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ । आवश्यक विषय, क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा आयोजनाहरुको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र गाउँपालिका वासी आम नागरिकहरुलाई उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौं । छिटो, छरितो र गुणस्तरीय सेवा प्राप्त गर्ने नागरिकको सार्वभौम अधिकारको सम्मान गर्दै सार्वजनिक सम्पत्तिको प्रयोग सार्वजनिक हित र भलाईको प्रयोजनमा गर्ने नीतिलाई जोडदार रुपमा अघि बढाएका छौं ।

- मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई संस्थागत गराउन तथा चुस्त, दुरुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने हाम्रो लक्ष्य हो । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउनु अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्ध जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष जोड दिइने छ । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम पालिकावासी तथा सबै सरोकारवाला महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने विश्वास लिएको छु ।

**उपाध्यक्ष ज्यू,**

- यो नीति तथा कार्यक्रमको कार्यान्वयन गर्दा दिगो विकासको लक्ष्य अनुरुप पूर्वाधार निर्माण, रोजगारी सृजना, उत्पादन र उत्पादकत्व वृद्धि, असमानता, गरिवि न्यूनिकरण, सार्वजनिक सेवामा नागरिकहरुको सहज पहुचलाई प्राथमिकता दिईने छ ।
- संविधानको मर्म र भावना अनुरुप सवै प्रकारका विभेदहरु अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितताको लागि समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्न सम्पूर्ण विकास निर्माण, आकस्मिक सेवा तथा गुणस्तरीय सार्वजनिक सेवा छिटो, छरितो एवम सरल र सहज ढंगबाट प्रदान गर्न अधिकतम प्रयास गरिनेछ ।
- भौगोलिक रुपमा विकट र प्राकृतिक प्रकोप, जोखिम, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास लगायतका क्षेत्रमा देखिएका समस्या तथा चुनौतिहरु सामना गर्नु आजको मुख्य आवश्यकता रहेको वर्तमान अवस्थामा म भोटेकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकद्वारा स्वीकृत आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**उपाध्यक्ष ज्यू**

**सामाजिक विकास तर्फ :**

१. आधारभूत तहमा प्रवेशको आधारको रुपमा रहेको वाल विकास कक्षालाई व्यवस्थित गर्न **"हरेक विद्यालयमा प्रारम्भिक वाल कक्षा"** को व्यवस्था गरिनेछ ।

२. सामुदायिक विद्यालय प्रति आम अभिभावकको आकर्षण वृद्धि गर्न " **सामुदायिक विद्यालयमा जनप्रतिनिधि तथा कर्मचारीका छोराछोरी "** भर्ना अभियान सञ्चालन गरिनेछ ।

३. सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न **"सक्षम शिक्षक, सवल सिकाइ"** कार्यक्रम मार्फत शिक्षकहरुलाई नियमित तालिमको प्रवन्ध गरिनेछ ।

४. **“जहाँ विद्यार्थी, त्यहाँ शिक्षक”** भन्ने नारालाई कार्यान्वयन गर्न विद्यालयको नक्साङ्कन गरी भूगोल र न्युनतम विधार्थी संख्याको आधारमा समायोजन गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

५. उच्च शिक्षा प्राप्त गर्न अन्यत्र जानुपर्ने भोटेकोशी गाउँपालिका वासिको वाध्यात्मक परिस्थितिको अन्त्य गर्न गाउँपालिकाभित्र स्नातक सम्मको **"भोटेकोशी क्याम्पस"** संचालन गर्न पहल गरिनेछ ।

६. भोटेकोशीको पहिचानलाई विकास तथा विस्तार गर्न स्थानीय पाठ्यक्रम **“हाम्रो गौरव, हाम्रो भोटेकोशी ”** निर्माण गरी शैक्षिक सत्र २०८१ देखि कार्यान्वयनमा ल्याइनेछ ।

७. भोटेकोशी गाउँपालिकाको **"१० वर्षे शैक्षिक योजना निर्माण "** गरी आवश्यकताका आधारमा प्राथमिकिकरण गर्दै हावापानी सुहाउँदो दिगो विद्यालय तथा शिक्षालयको विकासमा जोड दिइनेछ ।

८. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित तथा सवैको पहुँचमा वृद्धि गर्नका साथै विद्यालय कृषि कार्यक्रम र स्थानीय उत्पादनसँग जोड्न आवश्यक नीति सहित विस्तार गरिनेछ । दिवा खाजालाई कक्षा १० सम्म विस्तार गरिनेछ ।

९. **"अनलाइन कक्षा, आजको अपेक्षा" को** मुल मर्म अनुसार सवै सामुदायिक विद्यालयहरुमा यसै आवभित्र फाइवर नेटको पहुँच सुनिश्चित गरिनुका साथै कम्तीमा एउटा विद्यालय स्मार्ट विद्यालय बनाइने छ ।

**१०. वडा कार्यालय मार्फत कक्षा ५ सम्म अध्ययन गर्ने विपन्न बालबालिकाहरुलाई स्टेशनरी सामाग्रीको व्यवस्था गरिनेछ ।**

**११.** सिपयुक्त जनशक्ति विकासको मेरुदण्ड भएको हुँदा " **भोटेकोशीको आवश्यकता, युवामा दक्षता"** कार्यक्रम मार्फत स्थानीय सरकार र अन्य संघसंस्थाको समन्वय र सहकार्यमा युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्धमशिलताको विकास गरिने छ ।

**१२.** एक वडा एक खेलमैदान र पालिकामा एक कभर्ड हल निर्माण गर्ने संघीय सरकारको नीति अनुरुप खेल पूर्वाधारको आधार तयार गरिने छ ।

**१३.** विद्यार्थीमा अनुशासन संस्कृतिको विकास, शारिरीक तन्दुरुस्ती तथा मानसिक विकास एवम खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र विकास गर्न खेल शिक्षकको व्यवस्था साथै स्काउटको व्यवस्था गरी खेलकुद प्रतियोगिताको आयोजना र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

**उपाध्यक्ष ज्यू,**

१४. गुणस्तरीय स्वास्थ्य उपचार जनताको अधिकार भन्ने नेपाल सरकारको नीति तथा कार्यक्रमलाई पालिकास्तरमा कार्यान्वयन गरिने छ ।

१५. सवै वडाका स्वास्थ्य क्षेत्रमा जनताको पहुँच सर्वसुलभ बनाउन एम्बुलेन्स व्यवस्थापन तथा घुम्ती शिविर कार्यक्रम संचालन गरिने कार्यलाई निरन्तरता दिईने छ ।

१६. गर्भवती महिलाहरुको लागि सहज रुपमा स्वास्थ्य उपचारको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम लागु गरिने छ ।

१७. आमा सुरक्षा कार्यक्रम अन्तर्गत अण्डा, गेडागुडी, एक धार्नी घ्यू बितरण कार्यलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा अझै व्यवस्थित गर्दै लगिनेछ ।

१८. "**बिहेवारी विस वर्ष पारी**" सम्बन्धी सचेतनामुलक कार्यक्रमलाई विद्यालय मार्फत प्रदान गर्ने व्यवस्थाको लागि महिला शिक्षकहरुको क्षमता बिकास गरिने कार्यको थालनी गरिनेछ ।

१९. स्थानीय तहमा दक्ष स्वास्थ्य कर्मीबाट आधारभुत स्वास्थ्य प्रदान गर्ने एक पालिका एक डाक्टर कार्यक्रमलाई निरन्तरता दिईने छ साथै भोटेकोशी आधारभुत अस्पतालमा रुपान्तरण गर्ने र थप प्रभावकारी भरपर्दो स्वास्थ्य सेवा प्रवाह गर्ने नीति लिईने छ ।

२०. प्रसुती सेवा केन्द्रलाई अझै व्यवस्थित गर्दै नेपाल सरकारको रणनीति अनुरुप प्रत्येक गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने नीति अनुरुप अस्पताल स्थापनाको प्रक्रिया अगाडि बढाइ Zero Home Delivery को नीति अवलम्बन गरिनेछ ।

२१. महिला स्वास्थ्य स्वयमसेविकालाई दुर्घटना बिमा गरिनुका साथै महिला स्वास्थ्य स्वयमंसेविकालाई प्रदान गरिदै आएको मासिक भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।

**उपाध्यक्ष ज्यू,**

**आर्थिक विकास तर्फ :**

२२. किसान संजाल गठन गरि उद्यमशिलता प्रवर्धन मार्फत आर्थिकोपार्जन तथा स्थानीय कृषि उपजमा उत्पादित तरकारी तथा फलफुलको बजारीकरण गर्नको लागि हाट बजारको व्यवस्थापन गरिनेछ ।

२३. पालिकालाई फलफूल तथा तरकारी बालीमा आत्मनिर्भर बनाउनको लागि नर्सरी प्रवर्धन कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।

२४. वास्तविक किसान पहिचान गरि किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिदै थप व्यवस्थित बनाइनेछ ।

२५. परम्परागत, प्राकृतिक तथा पोषणयुक्त रैथाने आलु, लसुन, प्याज जस्ता बालीहरुको संरक्षण तथा प्रवर्धन गरिनेछ ।

२६. बेमौसमी तरकारी तथा फलफुल उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्दै एक घर एक टनेल कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२७. भोटेकोशी गाउँपालिकामा उत्पादन भएका कृषि उपजहरुलाई व्यवस्थित गर्नको लागि कोल्डस्टोरको निर्माण गरि संचालनमा ल्याइनेछ ।

२८. पालिकामा रहेका व्यवसायिक कृषकहरुमा कृषि दक्षता बढाउनको लागि आधुनिकीकरण तथा व्यवसायीरण सम्बन्धि कृषि तालिमहरु संचालन गरिने छ ।

२९. किवी, कागती जस्ता फलफुलहरूको सम्भाव्यता अध्ययन गरि पकेट क्षेत्र विस्तार गरिने साथै कृषि सहकारी क्षेत्रलाई नियमन गरी उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने छ ।

३०. व्यवसायिक कृषि तथा पशु पालनमा क्षेत्रमा संलग्न किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

३१. रैथाने गाइ र कुखुराहरुलाई संरक्षण तथा प्रवर्द्धनको लागि कार्यक्रम संचालन गरिने छ ।

३२. भोटेकोशी गाउँपालिकामा पशुजन्य दुध उत्पादन कार्यलाई प्रोत्साहन गर्ने तथा उत्पादित दुधको बजारीकरणको लागि दुग्ध चिस्यान केन्द्र स्थापना गरि व्यवस्थित गरिने छ ।

३३. भैरवकुण्ड, देउढुङ्गा, लिस्तीकोट, दुगुनागढी, तातोपानी धारा, थापी नारायण मन्दिर लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार मार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रर्वधन कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै आगामी आ.ब. मा भोटेकोशी गाउँपालिकाबाट भैरवकुण्ड जान केवलकार संचालनका लागि अध्ययन अनुषान्धन कार्यको थालनि गरिने छ ।

३४. कृषि, पर्यटन उधोग व्यापार जस्ता व्यवसायीक क्षेत्रको लगानी मार्फत नागरिकहरुलाई आर्थिक रुपमा आत्मानिर्भर बनाउन स्थानिय स्तरमा रोजगारी सृजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३५. वैदेशिक रोजगार बाट फर्केका युवायुवतीहरुलाइ स्वदेशमै आत्मनिर्भर बन्नको लागि उद्यम व्यवसाय क्षेत्रमा आर्कषित गरिने तालिम उपलब्ध गराइनेछ ।

३६. लघु उद्यमीबाट वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण र सो सगँ सम्बन्धित कुनै सेवाप्रदान गर्न कम्तीमा एउटा साझा सुविधा केन्द्र उद्यम घर स्थापना गरिने छ ।

३७. स्थानीय स्रोत साधनको उपयोग गरी उद्यमशीलताको विकास गर्न सामुदायिक होमस्टेमा पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ .

३८. गाउँपालिकाको पहिचान तथा मौलिक संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्दै गाउँपालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटन पूर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३९. यस भोटेकोशी गाउँपालिकामा संचालनमा रहेका, निर्माण सम्पन्न भएका तथा निर्माणाधिन हाइड्रो पावर कम्पनीहरुसगँ समन्वय तथा सहकार्य मार्फत सामाजिक उत्तर दाहित्व तर्फ प्राप्त हुने रकमलाई यस आर्थिक वर्ष देखी प्रभावकारी रुपमा संकलन तथा कार्यान्वयन गरिने छ ।

४०. गाउँपालिका भित्रका सबै बेरोजगारहरु एवम् सार्वजनिक तथा निजि क्षेत्र मार्फत सञ्चालन हुने आयोजनाहरुलाई रोजगार सेवा केन्द्रको दायरामा ल्याइ त्यस्ता आयोजनाहरुमा सिर्जना हुने रोजगारीको आपूर्ति सुचिकृत बेरोजगारहरु मध्येबाट गर्ने आवश्यक व्यबस्था मिलाईनेछ ।

**उपाध्यक्ष ज्यू,**

**वन वातावरण तथा विपद तर्फ**

४१. पहिरो जोखिमयुक्त बस्ती भनेर पहिचान भएका बस्तीमा पूर्व सूचना प्रणाली जडान गर्ने र उक्त सूचना प्रभावित परिवारको मोबाइल फोनमा SMS को रूपमा प्रवाह हुने व्यवस्था मिलाईनेछ । स्थानीय स्तरमा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइने छ ।

४२. गाउँपालिका भित्रका विद्यालय, सरकारी तथा गैरसरकारी संस्थाहरु सँगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४३. भोटेकोशी गाउँपालिकामा सञ्चालन हुने विकास निर्माण, खानी उत्खनन्, गिट्टि वालुवा उत्खनन् लगायतका ठुला आयोजनाहरु शुरु गर्नु पूर्व वतावरणीय प्रभाव मूल्याङ्कन (EIA) का आधारमा गरिनेछ । स्थानिय स्तरमा पर्न सक्ने प्राकृतिक विपतबाट मानवीय क्षति न्यूनीकरण गर्न स्थानिय स्तरमा वृक्षारोपण र वनजङ्गल संरक्षण गर्ने नीति लिइनेछ ।

४४. सार्वजनिक स्थान, होटल पसलबाट निस्किने प्लाष्टिक जन्य वस्तुहरु र सिसा जन्य वस्तुको उचित व्यवस्थापन गर्ने नीतिगत व्यवस्था मिलाईनेछ । साथै फोहोर मैलाको बैज्ञानिक व्यवस्थापनको लागि थप १ ठाउँमा डम्पिङ्ग साइटको व्यवस्था र फोहोरमैला विसर्जनको लागि आवश्यक गाडिको व्यवस्था गरिनेछ ।

४५. बाढी, पहिरो, डढेलो, खडेरी जस्ता जलवायु परिवर्तनको प्रभाव कम गर्न अनुकूल तथा न्यूनीकरणका कार्यक्रम कार्यान्वयन गरी पर्यावरणीय प्रणाली र समुदायको उत्थानशीलता विकास गरिने छ । पालिकामा आगलागिका घटनाहरु वर्षेनि धेरै घटने हुँदा नियन्त्रणको लागि आवश्यक दमकलको व्यवस्था गरिने छ ।

४६. विपद्को समयमा खोज, उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी बनाइने छ । मनसुन जन्य विपद् प्रभावित निजी आवास पुन निर्माण तथा पुनस्थापना गर्ने कार्यको लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिने छ ।

४७. बाढी, पहिरो भू-स्खलन जोगाउन नाङ्गा डाँडाहरुमा वृक्षारोपण कार्यालाई अगाडी बढाइने, क्षतिग्रस्त भएका निजी घरहरुको पुननिर्माणको लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाल पक्षहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

**उपाध्यक्ष ज्यू,**

## पूर्वाधार विकास तर्फ

४८. विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार विकासको लागि बहुबर्षे तथा ठुला योजनाहरु निर्माण मार्फत दिगो पूर्वाधार विकासको थालनी गरिने छ ।

४९. आ.ब. २०८०/०८१ मा यस भोटेकोशी गाउँपालिकाको वडा कार्यालय सम्मको सडक र अन्य महत्वपूर्ण सडकको स्तरोन्नती गरी बाह्रै महिना संचालन गर्ने नीति लिईने छ ।

५०. "गुणस्तरीय पूर्वाधार भोटेकोशी गाउँपालिकाको सवृद्धिको आधार" भन्ने मूल मर्मलाई ध्यानमा राखी नेपाल सरकार र प्रदेश सरकार सग सहकार्य गरी ५ वर्ष भित्र सवै वडा कार्यालय जाने बाटो पक्की गरिने कार्यलाई निरन्तरता दिइने छ ।

५१. उपभोक्ता समिति तथा निर्माण व्यवसायी निर्माण कार्यमा प्रतिस्पर्धा गराई गुणस्तरीय भौतिक संरचना निर्माण गर्ने नीति लिइनेछ ।

## सुशासन, सेवा प्रवाह तथा संस्थागत क्षमता विकास तर्फ :

५२. कार्यालयवाट प्रवाह हुने सेवा प्रवाहलाई सुचना प्रविधिको उपयोगवाट सेवाग्राहीमैत्री वनाइनेछ । सेवा प्रवाहका क्रममा कागजको प्रयोग घटाइनेछ । साथै सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत काम कार्वाहीलाई पारदर्शी बनाइनेछ । अनुगमन तथा कार्य सम्पन्न पश्चातको अनुगमनका आधारमा कार्य सम्पन्न गर्ने प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

५३. आर्थिक अनुशासन र पारदर्शीतालाई मध्यनजर गरी सबै योजना तथा कार्यक्रमहरुको काम गर्नु पूर्वको हक प्राप्तिको सूनिश्चितता गरिनेछ ।

५४. कार्यालयलाई सेवाग्राही मैत्री बनाउन सुशासनका सुचाङ्कहरुलाई विद्युतिय नागरिक वडापत्र मार्फत सूचनाको हकको कार्यान्वयन गर्दै आम नागरिकमा सहज सूचना प्राप्तिको प्रत्याभुति प्रदान गरिने छ ।

५५. भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालयमा जनतालाई सरल र सहज रुपमा सेवा प्रवाह गर्नका लागि नागरिक सहायत कक्ष ( HELP DESK ) को व्यवस्थापन गरिने छ ।

५६. पालिकामा शान्ति सुरक्षा अमनचयन कायम गर्दै सार्वजनिक सम्पत्तिको संरक्षण गर्न गाउँ प्रहारीको व्यवस्था मिलाइने छ ।

५७. भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सवै वडा कार्यालयहरु र स्वास्थ्य संस्था तथा सरकारी कार्यालयहरुमा सि सि टि.भि. जडान गरी सुशासन कायम गर्न प्रयास गरिने छ ।

५८. पालिका भित्र दिगो जनशक्ति व्यववस्थापनको लागि समय सापेक्षित तालिम तथा अध्ययन अवलोकनको आवश्यक व्यवस्था मिलाईने छ । साथै कर्मचारीको मनोबल उच्च वनाई राख्न दिईदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइ आ.ब. २०८०/०८१ बाट जोखिम भत्ताको समेत शुरुवात गरिने छ ।

५९. लेखा परीक्षण कार्य सहज र अनुमानयोग्य बनाउन, प्रकिया तथा मापदण्ड वमोजिम कार्यसम्पादनका लागि प्रोत्साहन गर्न आन्तरिक लेखा परीक्षण कार्यलाई सक्षम बनाइ बेरुजु रकम तथा नीतिगत बेरुजु लाई कम गर्दै लगिनेछ । साथै भ्रष्टाचारलाई न्यूनीकरण गर्न भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अबलम्बन गरिने छ ।

**धन्यवाद ।**

**श्री पासाङ नुर्पु शेर्पा**
**गाउँपालिका अध्यक्ष**
**भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक**
**संवत २०८० असार १० रोज १ शुभम**